# नेपाल पर्यटन बोर्ड, कार्यकारी प्रमुख छनौट तथा नियुक्ति सिफारिस कार्यविधि, २०८३

**प्रस्तावना** : नेपाल पर्यटन बोर्डको कार्यकारी प्रमुख खुल्ला प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्ति गर्न वाञ्छनीय भएकोले,

नेपाल पर्यटन बोर्ड ऐन, २०५३ को दफा १४ को उपदफा (१) को प्रयोजनको लागि बोर्डको कार्यकारी समितिले प्रदान गरेको अधिकारको प्रयोग गरी नेपाल पर्यटन बोर्डको कार्यकारी प्रमुख छनौट उपसमितिले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "नेपाल पर्यटन बोर्ड, कार्यकारी प्रमुख छनौट तथा नियुक्ति सिफारिस कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उपसमिति" भन्नाले समितिले गठन गरेको उपसमिति सम्झनु पर्छ।

(ख) "कार्यकारी प्रमुख" भन्नाले बोर्डको कार्यकारी प्रमुख सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले नेपाल पर्यटन बोर्ड नियमावली, २०५५ सम्झनु "बोर्ड" भन्नाले नेपाल पर्यटन बोर्ड सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले बोर्डको कार्यकारी समिति सम्झनु पर्छ।

३. **दरखास्त आह्वान गर्नु पर्ने** : (१) उपसमितिले कार्यकारी प्रमुखको पदमा आवेदन दिन इच्छुक उम्मेदवारका लागि कम्तीमा दश दिनको समय दिई नियमावलीको नियम ८ को उपनियम (२) बमोजिम दरखास्त आह्वान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र पाँच वटा भन्दा कम दरखास्त परेमा उक्त दरखास्तलाई कायमै राखी एक पटकको लागि तीन दिनको म्याद दिई पुनः सूचना प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दरखास्त पेश गर्दा उम्मेदवारले दरखास्तका साथ दफा ४ मा उल्लिखित कागजातहरू पेश गर्नु पर्नेछ।

(४) दरखास्तको सूचना आह्वान गर्दा उपसमितिले दरखास्त साथ बुझाउनु पर्ने दस्तुर, दस्तुर बुझाउनु पर्ने बैङ्क र बैङ्को खाता नम्बर सहित दरखास्त दिने ठेगाना समेत उल्लेख गर्नु पर्नेछ।

(५) उम्मेदवारले इमेलमार्फत दरखास्त दिने भएमा पेश गर्नुपर्ने कागजातहरू संलग्न गरी बोर्डको इमेल ठेगाना hr@ntb.org.np मा दरखास्त दिन सक्नेछ। त्यसरी दरखास्त दिने उम्मेदवारले बैङ्क भौचर र आवश्यक कागजातको प्रमाणित प्रतिलिपि प्रस्तुतीकरणको समयमा उपलब्ध गराउनु पर्नेछ।

(६) उपसमितिले उपदफा (१) वा (२) मा तोकिएको म्यादभित्र प्राप्त भएका दरखास्त साथ पेश भएका कागजातको परीक्षण गरी ऐनको दफा १४ को उपदफा (१) बमोजिम योग्यता पुगेका व्यक्तिहरूको सूची तयार गर्नुपर्नेछ।

४. <u>दरखास्त साथ पेश गर्नुपर्ने कागजात</u> : कार्यकारी प्रमुखको पदमा ऐन बमोजिम योग्यता पुगेका उम्मेदवारले दरखास्त साथ देहायका कागजात पेश गर्नु पर्नेछ :-

(१) उम्मेदवार आफैले प्रमाणित गरी नेपाली नागरिकताको प्रमाणपत्र,

(२) शैक्षिक योग्यताको प्रमाणपत्र, पर्यटन क्षेत्रमा कार्य अनुभव खुल्ने कागजातको प्रतिलिपिहरू र सरकारी कोषबाट पारिश्रमिक दिने पदमा कार्यरत उम्मेदवारले सम्बधित संस्थाको सहमतिपत्र,

(३) नेपाल पर्यटन बोर्डको प्रभावकारिता अभिवृद्धिका लागि गर्नु पर्ने क्रियाकलापहरू समेटिएको रणनीतिक कार्ययोजना (तीन हजार शब्दमा नबढ्ने गरी),

(४) उम्मेदवारले आफूले काम गरेको संस्था वा संगठनमा कार्य अनुभव सहित आफ्नो प्रयासमा हासिल गरेका उल्लेख्य उपलब्धिको बारेमा तयार गरिएको प्रतिवेदन (एक हजार शब्दमा नबढ्ने गरी),

(५) दरखास्तसाथ उम्मेदवारले देहायको व्यहोराको स्वघोषणा :-

(क) कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ख) बोर्डसँगको कारोबार, ठेक्का पट्टा वा बोर्डको कामसँग सम्बन्धित विषयमा निजी स्वार्थ नभएको,

(ग) आफ्नो नाममा कुनै व्यक्तिगत बेरुजु नभएको,

(घ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, लागू औषध कारोबार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसुर वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर नभएको,

(ङ) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भए नभएको र समावेश भएको भए त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा भएको।

५. <u>उम्मेदवारको न्यूनतम योग्यता र कार्य अनुभव</u> : कार्यकारी प्रमुख पदमा दरखास्त दिने उम्मेदवावरको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी पर्यटन क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको,

(ग) प्रचलित कानून बमोजिम उम्मेदवार हुन अयोग्य नभएको।

६. <u>मूल्याङ्कनका आधार र सोको अङ्कभार</u> : (१) कार्यकारी प्रमुखको छनौटका लागि उपसमिति र विज्ञबाट मूल्याङ्कन गर्दा देहाय बमोजिमको अङ्कभारको आधारमा छनौट गर्नु पर्नेछ :-

(क) रणनीतिक कार्ययोजना र कार्य अनुभवको प्रतिवेदन वापत - एक सय अङ्क

(ख) रणनीतिक कार्ययोजनाको तत्क्षणिक प्रस्तुतीकरण वापत - एक सय अङ्क

(ग) तत्क्षणिक समस्या समाधान परीक्षण वापत - एक सय अङ्क

(घ) अन्तर्वार्ता वापत - एक सय अङ्क

(२) उपसमितिले दफा ३ बमोजिमको सूचीमा समावेश भएका योग्य उम्मेदवारले पेश गरेको बोर्डको कार्य प्रभावकारिता अभिवृद्धिसम्बन्धी रणनीतिक कार्ययोजना र उम्मेदवारले काम गरेको संस्था वा संगठनमा कार्य अनुभव सहित आफ्नो प्रयासमा हासिल गरेका उल्लेख्य उपलब्धिका बारेमा तयार गरिएको प्रतिवेदन दुई जना विज्ञबाट मुल्याङ्कन गराई प्राप्त अङ्कको आधारमा संक्षिप्त सूची तयार गरी वर्णानुक्रमानुसार बोर्डको वेबसाइट (www.trade.ntb.gov.np) मा प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम संक्षिप्त सूची तयार गर्दा योग्य उम्मेदवार संख्या पन्ध्र जना भन्दा बढी भएमा प्राप्ताङ्कको आधारमा पहिलो पन्ध्र जना उम्मेदवार छनौट गर्नु पर्नेछ। उम्मेदवार संख्या पन्ध्र जना भन्दा कम भएमा सम्पूर्ण उम्मेदवारलाई संक्षिप्त सूचीका लागि छनौट गर्नु पर्नेछ।

(४) उपसमितिले उपदफा (३) बमोजिम संक्षिप्त सूची प्रकाशन भए पछि कम्तीमा तीन दिनको समय दिई संक्षिप्त सूची बमोजिमका उम्मेदवारलाई आफूले पेश गरेको रणनीतिक कार्ययोजनामा आधारित भई तत्क्षणिक प्रस्तुतीकरणका लागि उपस्थित हुन बोर्डको वेबसाइट (www.trade.ntb.gov.np) मार्फत सूचना दिनु पर्नेछ।

(५) उपसमिति तथा विज्ञबाट प्रस्तुतीकरणको मूल्याङ्कन गरी प्राप्त अङ्कको आधारमा उच्चतम अङ्क प्राप्त गर्ने दुई तिहाइ उम्मेदवार छनौट गरी वर्णानुक्रमानुसार बोर्डको वेबसाइट (www.trade.ntb.gov.np) मा प्रकाशन गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको प्रस्तुतीकरणबाट छनौट भएका उम्मेदवारहरूको लागि कम्तीमा तीन दिनको समय दिई पर्यटन क्षेत्रका विभिन्न आयाममा आधारित तत्क्षणिक समस्या समाधान परीक्षणको लागि बोर्डको वेवसाइट (www.trade.ntb.gov.np) मार्फत सूचना दिनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम उपसमिति तथा विज्ञबाट परीक्षण गरी मूल्याङ्कनबाट प्राप्त अङ्कको आधारमा उच्चतम अङ्क प्राप्त गर्ने दुई तिहाइ उम्मेदवार छनौट गरी वर्णानुक्रमानुसार बोर्डको वेबसाइट (www.trade.ntb.gov.np) मा प्रकाशन गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिमको परीक्षणबाट छनौट भएका उम्मेदवारहरूको लागि कम्तीमा तीन दिनको समय दिई अन्तर्वार्ताका लागि बोर्डको वेबसाइट (www.trade.ntb.gov.np) मार्फत सूचना दिनु पर्नेछ।

(९) उम्मेदवार छनौटको लागि लिइने अन्तर्वार्ता विषयवस्तुको ज्ञान, व्यक्तित्व र आत्मविश्वास, नेतृत्व क्षमता, समन्वय र सञ्चार प्रविधि, अन्तर वैयक्तिक दक्षताको परीक्षणमा आधारित हुनेछ।

(१०) उपसमितिले उपदफा (८) बमोजिमको सूचीमा परेका उम्मेदवारको अन्तर्वार्ता लिंदा प्रत्येक सदस्यले अलग अलग रुपमा एकले दिएको अङ्क अर्कोले नदेख्ने गरी प्रत्येक उम्मेदवारको अन्तर्वार्ताको मूल्याङ्कन गरी दस्तखत गर्नु पर्नेछ।

(११) अन्तर्वार्ता वापतको अङ्क गणना गर्दा सवै सदस्यहरुले दिएको अङ्क जोडी सोको औषत निकाली प्राप्ताङ्क कायम गर्नु पर्नेछ।

(१२) अन्तर्वार्तामा मूल्याङ्कनकर्ताले पूर्णाङ्कको साठी प्रतिशत भन्दा कम र नब्बे प्रतिशत भन्दा बढी अङ्क दिनु परेमा कारण खुलाउनु पर्नेछ। यसरी साठी प्रतिशत भन्दा कम र नब्बे प्रतिशत भन्दा बढी अङ्क दिएकोमा बहुमत सदस्यले दिएमा मात्र मान्य हुनेछ। कारण नखुलाई साठी प्रतिशत भन्दा कम र नब्बे प्रतिशत भन्दा बढी अङ्क दिएकोमा घटीमा साठी प्रतिशत र बढीमा नब्बे प्रतिशत अङ्क कायम गरी गणना गरिनेछ।

(१३) अन्तर्वार्तामा उच्चतम अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवार छनौट गरी नामको वर्णानुक्रम अनुसार कार्यकारी प्रमुखको पदमा नियुक्तिको लागि बोर्डको कार्यकारी समिति समक्ष सिफारिस गरिनेछ।

७. <u>उपसमितिको बैठक सम्बन्धी व्यवस्था</u> : (१) उपसमितिको बैठक संयोजकले तोकेको मिति, स्थान र समयमा बस्नेछ।

(२) संयोजक सहित कम्तीमा अन्य एक जना सदस्यको उपस्थितिमा उपसमितिको बैठक बस्न गणपूरक संख्या पुगेको मानिनेछ।

(३) उपसमितिको बैठकमा बहुमतको राय मान्य हुनेछ।

(४) उपसमितिले मूल्याङ्कनका निमित्त आवश्यकता अनुसार विज्ञ र अन्य कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ।

(५) उपसमितिको सचिवालयको व्यवस्थापन बोर्डले गर्नु पर्नेछ। सचिवालयलाई आवश्यक पर्ने कर्मचारी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र बोर्डबाट उपलब्ध गराइनेछ।

(६) उपसमितिका सदस्य, आमन्त्रित सदस्य, विज्ञ सदस्य, मूल्याङ्कनकर्ता तथा अन्तर्वार्ताकारको बैठक भत्ता बोर्डको नियमानुसार हुनेछ।

(७) विज्ञको पारिश्रमिक उपसमितिले कार्यकारी समिति समक्ष स्वीकृतिको लागि सिफारिस गर्नेछ।

(८) छनौट सम्बन्धी अन्य प्रक्रिया उपसमितिले निर्धारण गरे बमोजिम हुनेछ।

८. <u>बाधा अड्काउ फुकाउ</u> : यो कार्यविधि कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ उत्पन्न भएमा उपसमितिले त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ।

९. <u>कार्यविधि खारेज हुने</u> : यो कार्यविधि बोर्डमा हाल रिक्त रहेको कार्यकारी प्रमुख नियुक्तिका लागि सिफारिस गरे पछि स्वतः खारेज हुनेछ।